गाउँ कार्यपालिकाको बैठक  औ

मिति २०८१/०४/३०

समयः विहान ७:०० बजे

आज मिति २०८१/०४/३० गते यस टेम्केमैयुङगाँउपालिकाका अध्यक्ष श्री सरोज वस्नेतको अध्यक्षतामाबसेको गाउँ कार्यपालिकको बैठकमा निम्न बमोजिमका सदस्यहरुको उपस्थितिमा देहायका प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

उपस्थीती

| | | |
|---|---|---|
| श्री सरोज वस्नेत | गा.पा. अध्यक्ष | |
| श्री रमादेवी राई | गा.पा. उपाध्यक्ष | |
| श्री नर बहादुर राई | गा.पा. सदस्य | |
| श्री बाल चन्द्र राई | गा.पा. सदस्य | |
| श्री पूर्णप्रसाद राई | गा.पा. सदस्य | |
| श्री हर्कराज राई | गा.पा. सदस्य | |
| श्री सुनिल राई | गा.पा. सदस्य | |
| श्री सूर्यप्रसाद नेपाल | गा.पा. सदस्य | |
| श्री वाल वहादुर खड्का | गा.पा. सदस्य | |
| श्री कृष्ण बहादुर बाँनिया | गा.पा. सदस्य | |
| श्री नभराज माङ्गपाहाङ्ग | गा.पा. सदस्य | |
| श्री मकना देवी चर्मकार | गा.पा. सदस्य | |
| श्री ईन्दिरा घिमिरे राई | गा.पा. सदस्य | |
| श्री सावित्रा फुयल | गा.पा. सदस्य | |
| श्री सन्तोष राई | गा.पा. सदस्य | |
| श्री कल्पना परियार | गा.पा. सदस्य | |
| श्री विकेन पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

श्री गंगा वहादुर तामाङ		का.वा. वडा अध्यक्ष वडा नं. ८

बैठक समन्वय सहयोगी

ईन्जिनियर श्री रामकुमार तामाङ

सुचना प्रविधि अधिकृत श्री धिराज वस्नेत

लेखापाल श्री अर्जुनजंग बस्नेत

सहायकस्तर पाचौं श्री गणेश प्रसाद धिमाल

प्राविधिक श्री जितेन्द्र अधिकारी

योजनाशाखा श्री लिलाप्रसाद पराजुली

कार्यालय सहगोगी श्री सवास गिरी

**प्रस्तावहरु**

१. अघिल्लो कार्यपालिका वैठक समिक्षा सम्वन्धमा ।
२. आ.ब २०८०/०८१ को प्रगति समिक्षा सम्बन्धमा ।
३. प्रारम्भिक वातावरणीय अध्ययन IEE गर्ने सम्वन्धमा ।
४. जिन्सी निरीक्षण प्रतिवेदन सम्वन्धमा ।
५. समवेदना व्यक्त सम्वन्धमा ।
६. माग आकृति फारम सम्वन्धमा ।
७. कर संकलन सम्वन्धि ठेक्का खुलाउने सम्वन्धमा ।
८. कार्यदल गठन सम्बन्धमा
९. गाउँपालिका दररेट सम्वन्धमा ।
१०. गत आ व को योजना तथा कार्यक्रमको भुक्तानी सम्वन्धमा

निर्णयहरु

**निर्णय नं. १. अघिल्लो कार्यपालिका वैठक समिक्षा सम्वन्धमा ।**

अघिल्लो कार्यपालिकाको बैठकवाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाको बारेमा समिक्षा गरियो ।

**प्रस्ताव नं. २ आ.ब २०८०/०८१ को प्रगति समिक्षा सम्बन्धमा ।**

टेम्केमैयुङ गाउँपालिकाको आ व २०८०/८१ को विभिन्न निकायवाट प्राप्त वजेट खर्च तथा कार्यप्रगतिका विषयमा व्यापक समिक्षा गरियो । उक्त समिक्षामा यस कार्यालयवाट प्रदान गरिएका सार्वजनिक सेवाप्रवाह साथै विभिन्न कार्यक्रम तथा आयोजनाहरु जनगुनासो रहित सन्तोषजन रुपमा सु- सम्पन्न गरि जम्मा ८२.९३ प्रतिशत भएको जस अनुसार चालु तर्फ ८३.७० र पूर्जिगत तर्फ ८१.२८ प्रतिशत खर्च गरियो । साथै माथी उल्लेखित विवरण बमोजिम प्रगति गर्न सफल भएको हुँदा सो कार्यमा खटिने जनप्रतिनिधि, कर्मचारी उपभोक्ता सिमितिलाई धन्यवाद दिने साथै आगामी दिनहरुमा पनि कमी कमजोरीहरुलाई सुधार गर्दै कार्यक्रमहरुलाई अगाडी वढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ प्रारम्भिक वातावरणीय अध्ययन IEE गर्ने सम्वन्धमा ।**

टेम्केमैयुङ गाउँपालिका अन्तर्गत रहेका गाउँपालिकाको अधिकार क्षेत्र भित्र पर्ने नदी खोला तथा खोल्सीहरुको प्रारम्भिक वातावरणीय अध्ययन IEE गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ जिन्सी निरीक्षण प्रतिवेदन सम्वन्धमा ।**

आ व २०८०/८१ को टेम्केमैयुङ गाउँपालिकाको कार्यालयमा रहेका जिन्सी सामानहरुका विषयमा गठित जिन्सी निरीक्षण समितिले पेश गरेको प्रतिवेदन उपर छलफल भै उक्त प्रतिवेदनलाई सर्वसम्मतवाट अनुमोदन गरियो ।

**निर्णय नं. ५ समवेदना व्यक्त सम्वन्धमा ।**

टेम्केमैयुङ गाउँपालिकाका शिक्षा युवा तथा खेलकुद शाखाका शाखा प्रमुख श्री राजन ढकालको पूजनिय पित स्व देवी प्रसाद ढकालको मिति २०८१/०४/२७ गते भएको असामहिक निधनले हामी टेम्केमैयुङ गाउँवासी अत्यान्त मर्माहत भएका छौं यस दुःखद क्षणमा दिवङगत आत्माको चीर शान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछौं । साथै शोकको घडीमा रहनु भएका श्री राजन ढकाल लगायत परिवारजन तथा आफन्तमा धैर्यधारण गर्ने शक्ति मिलोस भन्ने कामना सहित हार्दिक समवेदना प्रकट गर्ने निर्णय पारीत गरियो ।

कल्पना

**निर्णय नं. ६ माग आकृति फारम सम्वन्धमा ।**

यस गाउँपालिकामा रिक्त रहेका तपशिलका पदहरुमा पदपूर्तिका लागि माग आकृति माग फारम भरि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत हुदै प्रदेश लोक सेवा आयोग कोशी प्रदेश विराटनगरवाट पठाउने निर्णय गरियो ।

तपशिल

| क्र.स | पद | सेवा/ समूह | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | अधिकृत | कृषि | अधिकृतस्तर ७/८ औ | १ | |
| २ | सहायकस्तर पाँचौ | प्रशासन/सामान्य. प्रशासन | सहायकस्तर पाँचौ | २ | |
| ३ | सहायकस्तर पाँचौ | कानून | सहायकस्तर पाँचौ | १ | |
| ४ | सहायकस्तर पाँचौ | कृषि | सहायकस्तर पाँचौ | २ | |
| ५ | सहायकस्तर पाँचौ | भेटनरी (ला.पो. डे. डे) | सहायकस्तर पाँचौ | १ | |
| ६ | सहायकस्तर चौथो | प्रशासन/सामान्य प्रशासन | सहायकस्तर चौथो | २ | |
| ७ | सहायकस्तर चौथो | भेटनरी (ला.पो. डे. डे) | सहायकस्तर चौथो | १ | |
| ८ | हेल्थ असिष्टेन्ट | स्वास्थ्य / हेल्थ इन्स्पेक्सन | सहायकस्तर पाँचौ | २ | |
| ९ | अ.हे.व | स्वास्थ्य / हेल्थ इन्स्पेक्सन | सहायकस्तर चौथो | २ | |
| १० | अ.न.मी. | स्वास्थ्य /कम्युनिटी नर्सिङ्ग | सहायकस्तर चौथो | २ | |
| ११ | सहायक महिला विकास निरीक्षक | विविध | सहायकस्तर चौथो | १ | |

**प्रस्तावन न. ७ कर संकलन सम्वन्धि ठेक्का खुलाउने सम्वन्धमा ।**

टेम्केमैयुङ गाउँपालिकाको राजश्व परामर्श समितिको वैठकको सिफारीस वमोजिम यस गाउँपालिका अन्तर्गत देहाय वमोजिमको कर संकलन गर्ने कार्यका लागि ठेक्का खुलाउने निर्णय गरियो ।

देहाय

१ निकासीकर

**प्रस्ताव नं. ८ कार्यदल गठन सम्बन्धमा**

गाउँपालिका क्षेत्र भित्र रहेका खानी तथा खनिज पदार्थहरुको उत्खनन संकलन तथा नियन्त्रण गर्ने प्रयोजनार्थ अध्ययन गर्न तपशिलका पदाधिकारी रहने गरि कार्यदल गठन गर्ने र सो कार्यदलले १० दिन सम्ममा गाउँ कार्यपालिका समक्ष अध्ययन प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

देहाय

| | |
|---|---|
| गाउँपालिका उपाध्यक्ष श्री रमादेवी राई | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत श्री विकेन पौडेल | सदस्य |
| पूर्वाधार विकास समिति संयोजक श्री सुनिल राई | सदस्य |
| ईन्जिनियर श्री रामकुमार तामाङ | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख श्री अर्जुन जंग वस्नेत | सदस्य |
| योजना शाखा प्रमुख श्री गणेश प्रसाद धिमाल | सदस्य |

**प्रस्ताव नं. ९ गाउँपालिका दररेट सम्वन्धमा ।**

भोजपुर जिल्ला दररेट निर्माण समितिले आ व २०८१/८२ का लागि निर्धारण गरि पारीत गरेको तपशिलका दररेटहरुलाई यस टेम्केमैयुङ गाउँपालिका क्षेत्रभित्र पनि सोही दररेटलाई कायम गर्ने साथै यातायतद्धारा सामान ढुवानीको हकमा भोजपुर सदरमुकाम देखी यस गाउँपालिका सम्म सजिलो समान प्रतिकेजी रु ३.५ असहजिलो समान प्रतिकेजी रु ४.५ र जोखिमपूर्ण सामान प्रतिकेजी रु ५.५ एवं सो दररेट उल्लेख नभएका सामाग्रीहरुको हकमा मोरङ जिल्ला दररेट निर्माण समितिले कायम गरेको दरहरुलाई कायम गर्ने र अन्य बाँकी सामाग्रीको दररेट सम्वन्धित फर्म कम्पनीबाट कोटेशन माग गरी दररेट निर्धारण गर्ने निर्णय पारीत गरियो ।

**प्रस्ताव नं. १० गत आ व को योजना तथा कार्यक्रमको भुक्तानी सम्वन्धमा ।**

गत आ व २०८०/८१ मा अपुग रकम कारण भुक्तानी दिन वाँकी रहेका तपशिलका योजना तथा कार्यक्रमहरुको यस आ व २०८१/८२ मा अनिवार्य दायित्व सिर्जना गरीएको वजेटवाट रकम भुक्तानी दिने निर्णय पारीत गरियो ।

**तपशिल**

टेम्केमैयुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कार्यालय कोड नं. : ८०१०७५०३

म.ले.प.फाराम नं: २२१

## भुक्तानी दिन बाँकीको बिवरण

बजेट उपशीर्षक नं

आर्थिक वर्ष: २०८०/८१

| दायित्व सृजना भएको मिति | संकेत नं | खर्च शीर्षक | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकी रकम | भुक्तानी बाँकी रहनुको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| ३१/०३/२०८० | | खेलकुद | खेलकुद | विभिन्न खेलकुद सामाग्री खरिद | फाइन आर्ट सेन्टर | ९०६२० | असार 24 पछाडी कागजात प्राप्त भएकाले |
| ३१/०३/२०८० | | मसलन्द तथा कार्यालय संचालन | मसलन्द तथा कार्यालय संचालन | पाइप खरिद | मनकामना सप्लायर्स | ४४१९०.८८ | बजेट अपुग |
| ३१/०३/२०८० | | मसलन्द तथा कार्यालय संचालन | मसलन्द तथा कार्यालय संचालन | विभिन्न सामान खरिद | श्री जी एन बी भाँडा पसल | ५३०४२.२५ | बजेट अपुग |
| ३१/०३/२०८० | | सवारी साधन मर्मत | सवारी साधन मर्मत | सवारी साधन मर्मत | बिकल एण्ड ब्रदर्श अटो | ८५७७८. | बजेट अपुग |
| ३१/०३/२०८० | | घर भाडाँ | घर भाडाँ | कार्यालयको घरभाडा | भिषण राई | १२००००. | असार 24 पछाडी निवेदन प्राप्त भएकाले |
| ३१/०३/२०८० | | गाडी तथा मेशिनरी औजार भाडाँ | गाडी तथा मेशिनरी औजार भाडाँ | गाडी भाडामा प्रयोग भएको | मिन वहादुर तामाङ | ८८०००. | बजेट अपुग |
| ३१/०३/२०८० | | गाडी तथा मेशिनरी औजार भाडाँ | गाडी तथा मेशिनरी औजार भाडाँ | गाडी भाडामा प्रयोग भएको | इटहरी ट्राभल्स एण्ड टुर्स | १०००० | बजेट अपुग |
| ३१/०३/२०८० | | डिजिटल पालिका प्रोफाइल | डिजिटल पालिका प्रोफाइल | डिजिटल पालिका प्रोफाइल निर्माण | डिबगसफ्ट प्रा लि | १८९९१४० | असार 24 पछाडी कागजात पेश भएकाले |
| ३१/०३/२०८० | | गाडी तथा मेशिनरी औजार भाडाँ | गाडी तथा मेशिनरी औजार भाडाँ | गाडी भाडामा प्रयोग भएको | अर्जुन तामाङ | ६७५०० | बजेट अपुग |
| ३१/०३/२०८० | | मसलन्द तथा कार्यालय संचालन | मसलन्द तथा कार्यालय संचालन | खुकुरी खरिद | उर्मिला औजार उद्योग | ४७१५० | बजेट अपुग |
| ३१/०३/२०८० | | सहायक समाग्री सहयोग | अपाङ्गता सहयोगी सामाग्री | अपाङ्गता सहयोगी सामाग्री | उमा सर्जिकल एण्ड सप्लायर्स | ९०००० | बिल छुटेको |
| ३१/०३/२०८० | | मसलन्द तथा कार्यालय संचालन | मसलन्द तथा कार्यालय संचालन | विभिन्न कार्पेट र पर्दाहरू | सिद्धकाली मिनी मार्केट | ३०७०२ | बजेट अपुग |
| ३१/०३/२०८० | | सवारी साधन मर्मत | सवारी साधन मर्मत | सवारी साधन मर्मत | हलेसी वर्कसप | ५१३५० | बजेट अपुग |
| जम्मा | | | | | | २६७७४७३ | |

उपरोक्त ब्यहोरा ठीक छ भनी

तयार गर्ने:......
नामः
पदः
मितिः

पेस गर्ने:......
नामः
पदः
मितिः

प्रमाणित गर्ने:..........
नामः
पदः
मितिः

**प्रमाणित गर्ने निकायबाट**

रुजु गर्ने :
दस्तखत:
नाम:
दर्जा:
मिति:

प्रमाणित गर्ने:
दस्तखत:
नाम:
दर्जा:
मिति: